# नेपाल राष्ट्र बैंक

## k]; ;dfrf/

## संस्थागत सुशासन कायम गर्न संचालकको अग्रसरता आवश्यक : गभर्नर

डेभलपमेण्ट बैंकर्स एशोसियनले पोखरामा आयोजना गरेको Role of Board of Directors for Corporate Governance विषयक गोष्ठीको प्रमुख अतिथिका रूपमा गभर्नर डा. युवराज खतिवडाले मिति २०७० भाद्र २९ गते एक समारोहका बीच उद्घाटन गर्नु भयो ।




उद्घाटन समारोहलाई सम्बोधन गर्दै गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंकका विद्यमान नीति एवम् निर्देशनहरू बारे र बैंक तथा वित्तीय संस्थाहरू बीच बुझाइको फरक देखिएकोले यसको समाधानका लागि यस किसिमको कार्यक्रम आयोजना गरेकोमा आयोजकलाई धन्यवाद दिनु भयो । कार्यक्रममा बोल्दै गभर्नरले जवाफदेहिता बिनाको स्वतन्त्रता र स्वायत्तता अराजकतातिर जाने हुँदा संचालक, प्रमुख कार्यकारी अधिकृतहरू जवाफदेही हुनु पर्ने र कर्मचारीहरूका साथै सरोकारवालाहरू एक अर्काको पूरक हुनुपर्ने तथ्य औंल्याउनु भयो ।

संस्थागत सुशासन कायम राख्न संचालकहरू बीच उत्पन्न हुन सक्ने द्वन्द्वको उचित व्यवस्थापन गरी सर्वसम्मत रूपमा संस्था चलाउनु पर्ने, प्रमुख कार्यकारी अधिकृतलाई संचालक समितिले नियुक्त गर्ने हुँदा निजले सञ्चालक समिति प्रति जवाफदेही हुँदै संस्थागत सुशासन कायम गर्ने दिशामा आफ्ना कामकारवाही अघि बढाउनु पर्ने, संस्थाको विकासमा बढीभन्दा बढी योगदान दिन सक्ने व्यक्ति संचालक र प्रमुख कार्यकारी अधिकृतमा आउनु पर्ने अन्यथा पदमा बस्नुको औचित्य नहुने धारणा राख्नु हुँदै गभर्नर डा. खतिवडाले संचालक र प्रमुख कार्यकारी अधिकृतको कार्यक्षेत्र विद्यमान नीति निर्देशन बमोजिम स्पष्ट पार्न गोष्ठी उपयोगी हुने विश्वास व्यक्त गर्नु भयो ।

मर्जर बैंकहरूकै हितमा आएको नीति भएको कुरा स्पष्ट पार्दै ऐन नियम नबुझि यदी कोही यस व्यवसायमा आएर अप्ठ्यारो परेको महसुस भए निकास लिन मर्जर एउटा उत्तम विकल्प हुने, मर्जरको विषय बैंक तथा वित्तीय संस्थाको आवश्यकता भएकोले DDA बनाउँदा आफ्ना कमी कमजोरीलाई ढाकछोप गरी अरूलाई अप्ठ्यारोमा पार्नुभन्दा आफै व्यवसायबाट अलग हुनु राम्रो हो भन्नु हुँदै गभर्नर डा. खतिवडाले यस विषयमा नेपाल राष्ट्र बैंक चनाखो रहेको बताउनु भयो ।

२०७१ आषाढसम्म चुक्ता पूँजी तोकिएबमोजिम अनिवार्य रूपमा पुऱ्याउनु पर्ने भएकोले सरोकारवालाहरूले पूँजी योजना (Capital Plan) बनाउनु पर्ने आवश्यकता भएको वताउँदै

उहाँले संस्थागत निक्षेपमा अधिक निर्भरता बढाई वित्तीय संस्था चलाउँदा उच्च जोखिम सिर्जना हुनेतर्फ सजग रहन सहभागी संचालक र प्रमुख कार्यकारी अधिकृतहरूलाई सल्लाह दिनु भयो ।

वित्तीय प्रणालीमा राम्रो गर्ने संस्थालाई नेपाल राष्ट्र बैंकले जुनसुकै हालतमा पनि बचाउने तर नराम्रो गर्ने व्यक्तिलाई कानून बमोजिम सजाय दिलाउने सन्दर्भमा राष्ट्र बैंक प्रतिबद्ध रहने विश्वास दिलाउनु भयो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन संशोधनको प्रक्रियामा रहेकोले नेपाल राष्ट्र बैंकलाई रचनात्मक सुझाव दिनु हुन समेत सहभागीहरूलाई आग्रह गर्नु भयो । विकास बैंकका निक्षेपकर्ताहरुको निक्षेप बीमा गर्ने विषयमा रहेको समस्या समाधान गर्न राष्ट्र बैंकले पहल गर्ने बताउनु भयो ।

विभिन्न विकास बैंकका संचालक तथा प्रमुख कार्यकारी अधिकृतहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सहभागीहरूले नेपाल राष्ट्र बैंकका साथै नेपाल सरकारले अंगीकार गरेको नीति निर्देशनबाट विकास बैंकले सामना गर्नु परेको समस्या र सोको निराकरणको लागि आ-आफ्नो धारणा राख्नु भएको थियो ।




गोष्ठीमा यस बैंकका निर्देशक पर्वत कार्कीले बैंकले गर्ने सुपरिवेक्षकीय कार्य विषयमा तथा उप-निर्देशक दीर्घ रावलले विद्यमान ऐन नियम र एकीकृत निर्देशनमा रहेका संस्थागत सुशासन सम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

**गभर्नरको कार्यालय**

मिति २०७० भाद्र २९ गते, शनिबार